# गृहश्रमिक र राज्यको दायित्व
# संवाद पुस्तिका



Saathi साथी

Homenet
SOUTH ASIA
Network of Homebased workers in South Asia

**गृहश्रमिक र राज्यको दायित्वहरू**
**संवाद पुस्तिका**

**साथी**

धोबीघाट, ललितपुर - ४, नेपाल

फोन: ९७७ १ ५५३७१०३/४

इमेल: saathi.ktm@gmail.com

वेबसाइट: www.saathi.org.np

सहयोग: होमनेट साउथ एशिया

# पुस्तिकाको वारेमा

नेपालमा गृहश्रमिकको संख्या २२ लाख रहेको अनुमान छ। गृहश्रमिकको कुल संख्याको ७८ प्रतिशत महिला छन्। नेपाल लेवर एकेडेमीको सन् २००८ को प्रतिवेदन अनुसार काठमाडौं उपत्यकामा मात्रै तीन लाख बीस हजार गृहश्रमिक छन्। तर राष्ट्रिय नीतिनिर्माणमा उनीहरूको मुद्दाको सुनुवाई भएको छैन। न त उनीहरूको पहिचानलाई नै स्थापित गरिएको छ। शहरीकरण, शहरी विकास वा विस्तारको क्रममा पनि उनीहरूको यो ठूलो जनसंख्यालाई नजर अन्दाज गरिएको भान हुन्छ।

उपरोक्त पृष्ठभूमिमा गृहश्रमिकको परिचय, उनीहरूका साझा मुद्दा र समस्या, उनीहरूको अधिकार, उनीहरूको समस्या र सोको समाधानको लागि कार्य गरिरहेका निकायहरू, ती निकायको भूमिका आदिका विषयमा केन्द्रित यो पुस्तिका सेवा प्रदायक सरकारी तथा गैर सरकारी निकायहरूलाई जानकारी दिने उदेश्यले तयार पारिएको हो। यसमा प्रकाशित सामग्रीको स्रोत राष्ट्रिय नीति नियम, अध्ययन प्रतिवेदन, गृहश्रमिकहरूसँग भएको व्यक्तिगत तथा सामुहिक अन्तरक्रिया र विभिन्न सरकारी निकायका पदाधिकारीहरूसँगको छलफल हो।

पुस्तिका समग्र राष्ट्रका गृहश्रमिकलाई लक्षित गरी तयार भएको हो। परन्तु धेरैजसो सूचनाहरू काठमाडौं, भक्तपुर तथा ललितपुरका का गृहश्रमिकमा केन्द्रित भएर प्रस्तुत गरिएको छ।

# गृहश्रमिक

## गृहश्रमिकको परिचय

आफ्नो घरमा रही पारिश्रमिक पाउने गरि काम गर्ने व्यक्ति गृहश्रमिक हुन् । घरमा बसी पारिश्रमिक नपाउने गरि घरगृहस्तीको काम गर्ने र पारिश्रमिक पाईने गरि घरेलु कामदारको रुपमा काम गर्ने दुवै समूहका व्यक्ति गृहश्रमिक होईनन् । घरवुना काम गर्नेदेखि लिएर आफ्नै घरमा बसेर विज्ञान प्रविधी सम्मको काम गर्ने व्यक्ति गृहश्रमिक हुन् ।

## गृहश्रमिकको प्रकार

गृहश्रमिक मुलतः दुई प्रकारका छन् ।

पहिलो -घर वा उनीहरूको वासस्थानको चौघेरोभित्र रहेर स्वरोजगारको रुपमा आफै सेवा वा वस्तु उत्पादन, विक्री तथा वितरण गर्ने । यस्ता गृहश्रमिकले अन्य व्यक्तिलाई आफ्नो काम सम्पन्न गराउनको लागि पारिश्रमिक दिएर नियुक्त त गर्दैनन् तर घरका अन्य सदस्यले उनीहरूको कामलाई भने सघाईरहेका हुन्छन् । यो वर्गको गृहश्रमिकको प्रमुख विशेषता भनेको  उनीहरूको उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थहरू आफै खरिद गर्ने र उत्पादित सामाग्रीहरू आफै बजारमा पुऱ्याउने हो । आइ. एल. ओ. कन्भेन्सन १७७ ले भने यी व्यक्तिहरूलाई श्रमिकको परिचय भित्र पारेको छैन ।

दोस्रो -यस समूहमा कुनै व्यापारिक घराना तथा उद्योगका लागि काम गर्ने वा विचौलियाको लागि घरमै बसेर वस्तु वा सेवा उत्पादन गर्ने र विक्री वितरण गर्ने व्यक्तिहरू पर्दछन् । उनीहरू प्रति गोटा दर (Piece Rate) मा सामान वेच्नेका नाममा पनि चिनिएका हुन्छन् । यस वर्गका गृहश्रमिकहरूसँग कुनै व्यापारिक घराना, उद्योग,  विचौलिया, फर्म, व्यवसायी वा  व्यापारीले निश्चित वस्तु उत्पादनको लागि सम्झौता गरेका पनि हुन सक्छन् । उनीहरूलाई व्यापारिक घराना, उद्योग,  विचौलिया,

फर्म, व्यवसायी वा व्यापारीबाट कच्चा पदार्थ प्रदान गर्ने र उनीहरूले प्रति गोटा दरमा सामान उत्पादन गरिदिने गरेको पनि पाईन्छ। यो समूहका गृहश्रमिकको प्रमुख विशेषता भनेको उनीहरूको वजारसँग प्रत्यक्ष सम्बन्ध हुँदैन। उनीहरू आफ्ना उत्पादन लिएर विक्रीको लागि वजारमा पुग्दैनन्। यो समूहलाइ आइ.एल.ओ. कन्भेन्सन १७७ ले श्रमिक भनेर पहिचान पनि दिएको छ।

## नेपालमा गृहश्रमिक

नेपालमा गृहश्रमिकको संख्या २२ लाख रहेको अनुमान छ । नेपाल लेवर एकेडेमीको सन २००८ को प्रतिवेदन अनुसार काठमाडौं उपत्यकामा मात्र यिनीहरूको संख्या करीव तीन लाख वीस हजार छ। देशमा अनौपचारिक श्रम शक्तिको संख्या वढ्दै गएको सन्दर्भमा गृहश्रमिकको संख्यामा अझ बढोत्तरी हुदै गईरहेको छ। नेपालको सन्दर्भमा उक्त गृहश्रमिकको संख्या ठूलो हो तर उनीहरू संगठित हुन नसकेकाले यो समूहलाई पहिचान दिईएको छैन।

काठमाडौं उपत्यकाका गृहश्रमिक मध्ये पनि तान बुन्ने, कपडा सिलाउने र सितारा भर्ने जस्ता काम गर्ने गृहश्रमिकको संख्या सवैभन्दा बढी छ। परम्परागत चित्रकलाको काम गर्ने गृहश्रमिकको संख्या दोस्रो नम्वरमा आउँदछ। बाँसको काम गर्ने, कागजको काम गर्ने, मैनबत्ती बनाउने, धातुको काम गर्ने, सजावटका सामान बनाउने, रिसाइक्लिङ्गका काम गर्नेहरूको संख्या भने कमै पाईन्छ।

नेपालको राष्ट्रिय आयमा गृहश्रमिकको ठूलो योगदान रहेता पनि उनीहरूको योगदानले पहिचान पाएको छैन। आफूहरू संगठित नहुनु तथा कानुनी सुरक्षा नभएका कारण जोखिममा पर्नु जस्ता कारणले आफ्नो पहिचान स्थापित गराउनु उनीहरूको प्राथमिकतामा परेको छैन। त्यसैले पनि उनीहरू थप शोषणको चक्रमा फसेका छन्। अध्ययन प्रतिवेदनहरूका अनुसार गृहश्रमिकहरू अगाडी नदेखिने भएर काम गर्न रुचाउँछन् र आफूले गरेको

कामको बारेमा कसैले चासो नराखोस भन्ने चाहन्छन् ।

गृहश्रमिकको श्रम र सो को व्यवस्थापनको विषयमा राज्यका कुनै पनि कानुन तथा नीतिले स्पष्ट उल्लेख गरेको छैन । राज्यले औपचारिक श्रमलाई मात्र श्रमको पहिचान दिएको छ र श्रमबजारको ९० प्रतिशत योगदान गर्ने अनौपचारिक श्रमक्षेत्रलाई बेवास्ता गरेको देखिन्छ । राज्यको यही हेराईको कारण अनौपचारिक श्रम समूह अन्तर्गत पर्ने गृहश्रमिक समूह पनि प्रभावित भएका छन् ।

**गृहश्रमिक महिला**

नेपाल लेवर एकेडेमीको सन २००८ को प्रतिवेदन अनुसार काठमाडौं उपत्यकामा रहेका तीन लाख वीस हजार गृहश्रमिक मध्ये तीन चौथाई अर्थात् करिव दुई लाख पचास हजार महिला भएको अनुमान छ ।

उत्पादनमुलक स्रोतमा कम पहुँच, साक्षरतामा कमी, आयमुलक काम गर्नको लागि वीउपुँजीको अभाव तथा ऋणको लागि वित्तिय संस्थाहरूमा पहुँच नहुनु र घरको कामकाज वा धरधन्दामा बढी समय खर्चनुपर्ने जस्ता वाध्यताका कारण गृहश्रमिक महिलाले राम्रो आयआर्जन गर्न सकेका छैनन् । यस्ता गृहश्रमिक महिलाहरूले मासिक करिव एक हजार मात्र आय आर्जन गर्ने गरेको प्रतिवेदनहरूले औंल्याएका छन् ।[1]

1 *Bhadra, C. and Shah, MT. (2007) Nepal: Country Gender Profile*

## सुकुम्वासी वस्तीका गृहश्रमिक

नेपालको कुल जनसंख्याको ७ देखि १० प्रतिशत जनसंख्या सुकुम्वासी वस्तीमा वसोवास गरिरहेको अनुमान छ। लुमन्तीले सन २००८ मा गरेको अध्ययनले ७ प्रतिशत जनता सुकुम्वासी बस्तीमा बसोवास गरिरहेको आँकडा दिएको थियो। तर बर्षेनि यस्ता बस्तीको संख्या थपिने क्रम बढेको अवस्थालाई विशलेषण गर्दा यो प्रतिशत उल्लेख्य रुपमा बढेको अनुमान गरिएको छ। उदाहरणको रुपमा सन १९८५ मा काठमाडौंमा १६ वटा सुकुम्वासी वस्ती रहेकोमा सो बढेर २०१० मा ४० पुगेको थियो।

साथीले गरेको अवलोकन नतिजाका अनुसार काठमाडौंका सुकुम्वासी बस्तीका वासिन्दाहरूको ठूलो हिस्सा गृहश्रमिकको रहेको छ। केन्द्रिय तथ्याङ्क विभाग लगायत अन्य सरकारी तथा गैरसरकारी संस्थाले यो जनसंख्याको स्पष्ट आँकडा निकाल्न नसकेको भएतापनि २ हजार ७ सय ३५ घरधुरी रहेको सुकुम्वासी वस्तीमा ठूलो संख्यामा गृहश्रमिक रहेको अनुमान गर्न सकिन्छ। संयुक्त राष्टसंघीय निकाय यु.एन.ह्याविटाटका अनुसार सुकुम्वासी बस्तीका वासिन्दाहरू गरिव छन् र निजहरूको औसत आम्दानी प्रति घरधुरी रु.४१७३ मात्र छ।[2]

## गृहश्रमिकका मुद्दा/सवाल र समस्याहरू

गृहश्रमिकका सवाललाई सजिलो संग बुझ्न आधारभूत आवश्यकतासँग जोडिएका सवाल, पेशासँग जोडिएका सवाल र कानुनी विषय सम्वन्धी सवाल गरि तीन प्रकारवाट हेर्न सकिन्छ।

- **आधारभूत आवश्यकतासँग जोडिएका सवालहरू**

खानेपानी, बिजुलीवत्ती, ढलनिकास जस्ता आधारभूत आवश्यकतासँग जो

2 *http://un.org.np/oneun/undaf/slum*

**डिएका सवालहरू :**

- पर्याप्त  कार्यगर्ने स्थानको अभाव
- लोडसेडिङ्गको कारण काममा वाधा पर्नु
- खाद्यान्न तथा आवासमा लाग्ने खर्च आकासिनु
- पर्याप्त खानेपानीको उपलव्ध नहुनु
- महंगो स्वास्थ्य सुविधा÷स्वास्थ्य सुविधामा पहुँच नहुनु
- फोहोर व्यवस्थापनको समस्या

**सुकुम्वासी बस्तीका गृहश्रमिकसँग जोडिएका थप सवालहरू**

- आवासको समस्या
- खानेपानीको लागि धारा जडान गर्न नपाउनु
- बिजुलीवत्तीको लागि लाईन नजोडिनु
- ढल निकासको प्रावधान नहुनु

- **पेशासँग जोडिएका सवालहरू**

  - पेशा र कामको असुरक्षा
  - कम प्रतिफल वा आम्दानी
  - उत्पादनको लागि चाहिने कच्चा पदार्थ सजिलै प्राप्त नहुनु
  - उत्पादित सामान बजारीकरण गर्नमा समस्या
  - उत्पादित सामान बिक्रीको लागि विचौलियामा भर पर्नुपर्ने वाध्यता
  - अनुपयुक्त कार्यस्थल -अँध्यारो, हावा आवतजावत नहुने
  - पेशालाई विस्तार गर्न आवश्यक पुंजी र सीपको अभाव

- ➢ पुरानो प्रविधीको प्रयोगका कारण उत्पादनमा नकारात्मक प्रभाव
- ➢ गृहश्रमिकहरू संगठित नहुनु

- **कानुनी सवालहरू**
  - ➢ गृहश्रमिकलाई कानुनी मान्यता पाउनवाट बञ्चित गरिनु
  - ➢ महिला भएकै कारणले ज्यालामा भेदभाव (पुरुष सरह नपाउनु)
  - ➢ महिलाको विशेष आवश्यकतालाई सम्वोधन नहुनु
  - ➢ सुरक्षाको अभाव

## गृहश्रमिकको अधिकार

नेपालमा गृहश्रमिकको लागि छुट्टै कानून तथा नीतिहरू वनेका छैनन् । उनीहरूको अधिकार खोज्न अन्य कानुन तथा नीतिको सहारा लिनु पर्ने अवस्था छ । ती कानूनी प्रावधान तथा नीतिहरू देहायवमोजिम छन् :

- **आधारभूत आवश्यकतासँग जोडिएका अधिकारहरू**
  - ○ **आवासको अधिकारसँग जोडिएका राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति, कानुन तथा व्यवस्थाहरू**
  - ➢ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि को धारा ११ ले आवासको अधिकारको वारेमा उल्लेख गरेको छ ।
  - ➢ नेपालको अन्तरिम संविधान, २०६३ ले सबैको लागि आवास भन्ने अवधारणा ल्याएको छ ।
  - ➢ नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा भूमिहीन

तथा बँधुवाश्रमिक समेतलाई जमिन लगायत अन्य आर्थिक तथा सामाजिक सुरक्षा प्रदान गर्ने उल्लेख छ ।

- **शिक्षाको अधिकारसँग जोडिएका नीति, कानुन तथा व्यवस्थाहरू**

➢ नेपालको राष्ट्रिय शिक्षा नीति, २०२८ को पछिल्लो संसोधन समेतले सबैको लागि शिक्षाको नीति लिएको छ। यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ ले शिक्षालाई मौलिक अधिकारको रुपमा मान्यता दिएको छ ।

- **सामाजिक सुरक्षासँग जोडिएका नीति, कानुन तथा व्यवस्थाहरू**

➢ नेपालको अन्तरिम संविधान, २०६३ मा भूमिहीन, सुकुम्वासी वा पछाडी पारिएका वर्गका समुदायका सदस्यको शिक्षा, स्वास्थ्य, आवास, भूमि तथा सामाजिक सुरक्षाको व्यवस्था गरिने उल्लेख छ ।

➢ त्यसैगरि नेपाल सरकारको तीनबर्षे अन्तरिम योजना २०६७/६८ – २०६९/७० मा सामाजिक सुरक्षा नागरिकको मौलिक अधिकार भएको र पछाडी पारिएका वर्गको न्युनतम सामाजिक सुरक्षा राज्यको दायित्व भएको उल्लेख छ ।

- **खानेपानी र सरसफाई सम्वन्धी अधिकार सँग जोडिएका नीति, कानुन तथा व्यवस्थाहरू**

➢ शहरी खानेपानी तथा सरसफाई नीति, २०६६ को उद्देश्य नं ३ मा महिला, शहरी गरिव तथा सिमान्त वर्गको अधिकार र आवश्यकतालाई सम्बोधन गर्ने र कानुनीरुपमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गराउने उल्लेख छ । साथै सोही नीतिमा भनिएको छ – शहरी गरिव र कमजोर वर्गको पहिचान गर्ने र

यो वर्गको राहतलाई ध्यानमा राखी खानेपानीको महसुल निर्धारण गर्नुको साथै गरिव र सिमान्त वर्गवाट न्युनतम महशुल मात्र लिने र शहरी गरिव समुदायले प्रयोग गर्ने सामुदायिक धारा जस्ता सेवामा अन्तर अनुदान (Cross Subsidy)को व्यवस्था गर्ने समेत व्यवस्था गरेको छ ।

- नेपालको अन्तरिम योजनामा २०७० सम्ममा ८५ प्रतिशत जनसंख्यालाई खानेपानीको व्यवस्था र ६० प्रतिशत जनसंख्यालाई सरसफाईको सुविधा पुऱ्याउने उल्लेख छ ।

**सुकुम्वासी वस्तीका गृहश्रमिकको सवाल सँग जोडिएका महत्वपूर्ण नीति, कानुन तथा व्यवस्थाहरू**

- नगर विकास ऐन, २०४५, स्थानीय स्वायत्त शासन ऐन, २०५५, राष्ट्रिय आवास नीति, २०५३ ((सन् १९९६),
राष्ट्रिय शहरीकरण नीति,२०६४ (सन् २००७) तथा नगर नियमावलीमा सुकुम्वासी बस्तीको लागि आवास र शहरीकरणको व्यवस्था गर्ने उल्लेख छ ।घसो कुरा सुकुम्वासी बस्तीमा रहेका गृहश्रमिकको हकमा पनि लागु हुन्छ ।
- त्यसै गरि राष्ट्रिय आश्रयस्थल नीति, २०५३ (सन् १९९६) ले पनि सुकुम्वासी बस्तीको सवाललाई कम आय भएका समूहको सवालको रुपमा लिएको छ ।

सुकुम्वासी वस्तीका गृहश्रमिकको सवाल सँग जोडिएका महत्वपूर्ण नीति, कानुन तथा व्यवस्थाहरू

- **पेशागत सवालसँग जोडिएका अधिकार**

गृहश्रमिकको सवाललाई सम्बोधन गर्नको लागि सन २००० मा काठमाण्डौमा दक्षिण एसियाली सम्मेलन भएको थियो । सम्मेलनले गृहश्रमिकका हक अधिकारको विषयमा काठमाडौं घोषणापत्र जारी

गरेको थियो । सो घोषणापत्रमाथि दक्षिण एसियाली मुलुकका राष्ट्रप्रमुख समेतले सहमति जनाएका थिए ।

गृहश्रमिकले राष्ट्रिय आयमा ठूलो योगदान पुऱ्याएको भएपनि उनीहरूको पहिचान नभएको र राष्ट्रिय आर्थिक मुलधारभन्दा टाढा रहेको भन्दै आई.एल.ओ.महासन्धि को बुँदा नं १७७ समेतलाई ध्यानमा राख्दै काठमाण्डौं घोषणापत्रले गृहश्रमिकको अधिकारको सवालमा निम्न सुझावहरू दिएको छ :

१. गृहश्रमिक राष्ट्रिय नीति बनाउने ।
२. गृहश्रमिकको आधारभूत तथा न्युनतम सुरक्षाको ग्यारेन्टी गर्ने । यसअन्तर्गत संगठित हुने, न्युनतम पारिश्रमिक, पेशागत स्वास्थ्य तथा सुरक्षा, विधिवत सामाजिक सुरक्षा, मातृत्व तथा बालसुरक्षा, सीप विकास तथा साक्षरताको अधिकार पर्दछन् ।
३. कच्चा पदार्थ, बजारीकरणका पुर्वाधार, प्रविधी तथा ऋण लगायतका स्रोतमा सहज पहुँचको व्यवस्था गर्ने ।
४. गृहश्रमिकको लागि सामाजिक कोषको स्थापना गर्ने । यसभित्र बिरामी, वृद्धावस्थामा हुने दुर्घटना, मृत्यु तथा सामानको विमा समेत पर्दछ ।
५. अनौपचारिक क्षेत्रमा काम गरिरहेका कामदारको विवरण अद्यावधिक गर्ने र सरकारले सो तथ्यांकको विवरण राख्ने ।
६. सार्क क्षेत्रमा रहेका गृहश्रमिकको सवाल सम्वोधन गर्नको लागि आवश्यक कार्य गर्नको लागि दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लाई अनुरोध गर्ने ।

## गृहश्रमिकको आयलाई प्रभाव पार्ने तत्वहरू

### अत्यावश्यक सुविधा नपाँउदा ...

लोडसेडिङ्ग हुनु, स्वच्छ खानेपानीको अभाव, फोहोरमैलाको उचित व्यवस्थापन नहुनु, गुणस्तरीय स्वास्थ्य सुविधा प्राप्त नहुनु जस्ता तत्वहरूले गृहश्रमिकको आम्दानी र जीविकामा प्रत्यक्ष र अप्रत्यक्ष असर पारेका छन् ।

'म पोते उन्ने काम गर्छु । परिवारको लागि खाना बनाउ, बच्चाबच्ची विद्यालय पठाउ, खाजाको तयारी गर, फेरि बच्चा लिन स्कुल जाउ, दिउँसो पोते बुन्न खासै भ्याउँदिन । राती फुर्सद हुन्छ । तर जतिवेला फुर्सद हुन्छ , त्यतिवेला लोडसेडिङ्ग हुन्छ । त्यसैले काम गर्न पाउँदिन । यसो भएकोले मैले मेरो व्यवसायवाट राम्रो आम्दानी पनि गर्न सकेकी छैन । बेलुकी लोडसेडिङ्ग नहुँदो हो त मैले बेलुकी काम गर्न सक्ने थिएँ र मेरो आम्दानी पनि बढी नै हुने थियो ।' **–पञ्चलक्ष्मी तामाङ्ग, गृहश्रमिक, नहर टोल, गोदावरी**

सुकुम्वासी बस्तीका गृहश्रमिकलाई अत्यावश्यक सेवाको सम्बन्धमा अझै बढी समस्या छ । सुकुम्वासी वस्ती गैरकानुनी बस्ती भएको भन्दै यो क्षेत्रमा सरकारले यी सुविधाहरू दिएको छैन । यद्यपि उनीहरूको आफ्नै प्रयास, विभिन्न निकायवाट भएका पैरवी तथा राजनितिक दलको प्रयास स्वरुप यी सुविधाहरू सुकुम्वासी बस्तीमा पनि थोरै नै भएपनि पुगेका छन् ।

अत्यावश्यक सुविधाको अभावको कारण सुकुम्वासी बस्तीका गृहश्रमिकको आयमा धेरै कमी आएको मात्र छैन उनीहरूको जिविकामै प्रश्नचिन्ह खडा भएको छ ।

□ म पाथिभरा सुकुम्वासी टोलमा बस्छु । म बसेको टहरा कानुनको आँखामा मेरो हैन । सरकारले विजुली दिएको छैन । अन्तबाट तानेर ल्याउनु परेको छ । अन्य बस्तीमा खानेपानीका धारा घरभित्रै जडान हुन्छन् । तर हाम्रो बस्तीमा टोल तहमा पनि सो सुविधा छैन ।

म आफ्नै टहरामा सिलाईको काम गर्छु । मलाइ सिलाईको लागि धेरै नै अर्डर

आईरहेको हुन्छ । मलाई पूरै समय व्यस्त हुन पुग्ने कामको अर्डर आँउछ ।

तर बर्षाको समयमा धोवीखोलाले कतिखेर आफ्नो टहरो भत्काईदिने हो भनेर त्राहिमाम हुनुपर्ने अवस्था छ भने जाडोको बेला धोवीखोला गन्हाएरै हैरान । अझ बस्ती पारीका मान्छेहरूले आफ्नै टहरोमै आईपुग्ने गरि खोलामा फोहोर फाल्छन् । कुन ढुंगेधारामा पानी आउला भनेर खोजी पर्स्नुँपर्ने, रातारात पानीको खोजीमा दौडादौड गर्नुपर्ने वाध्यता छ । जारको पानी किनेर खान महँगो पर्छ ।

सिलाईमा बिताउनुपर्ने उत्पादनमुलक समय यो र यस्तै समस्याहरूमा जुध्नै खर्चनु मेरो वाध्यता हो । यस्ता समस्याको कारण मैले गर्ने उत्पादनमा नराम्रो असर परेको छ । मलाई लाग्छ यी समस्याहरूसँग जुध्नु नपरेको भए मैले अहिले कमाउने भन्दा दोव्वर बढी कमाउन सक्थेँ ।” – **शुशिला परियार, गृहश्रमिक, पाथीभरा, कपन**

शुशिलाको जस्तो समस्या सुकुम्वासी बस्तीका प्रायश: सवै गृहश्रमिकले भोगेका छन् ।

हाम्रो वस्तीमा सरकारले खानेपानीको व्यवस्था गरिदिएको छैन । त्यसैले पानी लिन दिनहुँ ढुंगेधारा पुग्नुपर्छ । तर त्यहाँ ठूलो लाईन हुन्छ । जाडो महिनामा त २-३ घण्टामा मात्रै पानी भर्ने पालो आँउछ । पानी भर्नै यत्रो समय लागेपछि कहिले समय पाँउने र काम गर्ने । जीविका चलाउन गाह्रो छ । **–भगवती गौतम, गृहश्रमिक, मनोहरा**

**पेशागत सुविधा नपाँउदा ...**

पेशा र कामको असुरक्षा, कम आम्दानी, वजारीकरणको समस्या, उत्पादित सामाग्री बिक्रीको लागि बिचौलियामा भर पर्नुपर्ने बाध्यता, उत्पादनको लागि चाहिने कच्चा पदार्थ सजिलै प्राप्त नहुनु जस्ता समस्याहरूको कारण गृहश्रमिकको कमाई र जीविकामा नकारात्मक असर परेको छ ।

काठमाण्डौका गृहश्रमिकहरूसँग गरिएको छलफलमा उनीहरूले कतिपय

बिचौलियाहरूको व्यवहार सफा नभएको बताएका छन् । काठमाण्डौं रामहिटीका गृहश्रमिक महिलासँग गरिएको समुह छलफलको सारसंक्षेप ...

> बिचौलियाहरूले हामीलाई दिने सामानको मुल्य वजार भाउ भन्दा धेरै नै कम हुन्छ । बजारीकरणको आफ्नै संयन्त्र नभएको कारण हामी उनीहरूले जति रकम दिन्छन्, त्यतीनै थाप्न वाध्य छौं । कतिपय बिचौलियाहरूले कहिल्यै पूरा मुल्य चुक्ता गर्दैनन् । केही पैसा दिन्छन् र उधारो राख्छन् । अर्कोपटक सामान लिन आँउदा पहिलेको पैसा चुक्ता गर्छन्, पछिल्लो पटकको सामानको मुल्यको केही अंश दिन्छन् र फेरि केही पैसा उधारो राख्छन् । त्यसो गर्दा हामी गृहश्रमिकको ध्यान उ सँग पूरै पैसा कसरी लिने होला भन्नेमा मात्रै हुने रहेछ । उसँग आफ्नो उत्पादनको राम्रो मुल्य दिनुपर्ने माग राख्न नसकिने रहेछ । यसरी पनि हामीमाथि मानसिक शोषण भैरहेको छ ।

विचौलियाको यस्तो व्यवहारवाट उनीहरू दिक्क छन् । त्यसैले उनीहरू नयाँ विचौलियालाई सामान वेच्न चाहन्छन् । तर साविक विचौलियालाई चिढ्याएमा आफ्नो वांकी रकम नउठ्ने त्रासले नयाँ विचौलियासँग काम गर्न नसक्ने परिस्थिति सृजना भएको वताउंदछन् । गृहश्रमिकको यो लचकताको विचौलियाहरूले नाजायज फाईदा उठाईरहेका देखिन्छ ।

बजारीकरण सीप नभएको कारण पनि गृहश्रमिक महिलाले पाउनुपर्ने उचित मुल्य पाउन सकिरहेका छैनन् । उनीहरूको उत्पादन स्थानीय, राष्ट्रिय हुँदै अन्तराष्ट्रिय बजारसम्म पुग्दा सो उत्पादनको मुल्य गृहश्रमिकले पाएको मुल्य भन्दा दश गुणा बढिसकेको हुन्छ । त्यसमाथि आफूले पाउनु पर्ने रकम समेत पूरा नपाईरहेको अवस्था हुन्छ ।

सामाजिक सुरक्षाको प्रत्याभुति नहुनु र स्वरोजगार गृहश्रमिकलाई कानुनद्वारा समेत श्रमिकको पहिचान नदिईनु जस्ता कारणले गृहश्रमिकलाई आफ्नो व्यवसाय बिस्तार गर्न उत्साहित गरेको छैन । महिला भएकै कारण दिईने ज्यालामा भेदभाव गरिँदा ठूलो संख्यामा रहेका महिला गृहश्रमिकहरू आफ्नो

पेशाप्रति झनै निरुत्साहित छन् ।

धेरै चुनौतीका बाबजुद पनि हामी गृहश्रमिकहरू रातदिन नभनि काम गर्छौं । तर औसत आम्दानी मासिक त्यस्तै चारहजार जति मात्र । काठमाडौंको महँगी यही हो, खाद्यान्न तथा बसाईको मुल्य आकासिएको छ, कसरी जीविका चलाउनु? झन महिलाले उत्पादन गरेको सामानलाई मुल्य समेत कम दिन खोजिन्छ । यस्तो कुरा हामी सहेरै बस्छौं त्यसैले पटक पटक हामीमाथि अन्याय भैरहन्छ । **– कविता राई, गृहश्रमिक, पाथिभरा**

धेरै गृहश्रमिकहरूलाई आफ्नो उत्पादनको लागि आवश्यक कच्चा पदार्थ जुटाउन गाह्रो छ । त्यसको प्रभाव उनीहरूको उत्पादन र आयमा प्रत्यक्ष रुपमा परेको देखिन्छ । उद्योगको लागि गोटा गन्तीको दरमा काम गर्ने गृहश्रमिकहरूको हकमा त्यस्ता उद्योगहरूले उनीहरूलाई कच्चा पदार्थ उपलव्ध गराउने गरेका छन् । तर उनीहरूसँग त्यस्ता कामको लागि आवश्यक अत्याधुनिक उपकरण नहुने र खरीद गर्न पनि महँगो हुने भएकोले उनीहरू आफूसँग भएको घरेलु उपकरण प्रयोग गर्न वाध्य छन् । जसको कारण उनीहरूको उत्पादन र आयमा नकरात्मक असर परेको छ ।

त्यसैगरि पेशालाई विस्तार गर्न आवश्यक पर्याप्त सीप नभएका कारण उनीहरूको जीविकामा चुनौती थपिएको छ । उनीहरू आफ्नो न्युनतम कमाई सीप सिक्नमा खर्चन सक्ने अवस्थामा छैनन् । राज्य र गैरसरकारी निकायले व्यवस्था गरेका केही निःशुल्क सीप बिकासका योजनामा उनीहरू समेटिन सकेका छैनन् । यसको कारण पहिलो त उनीहरूलाई यो विषयमा जानकारी नै हुँदैन र ती निकायहरू पनि गृहश्रमिक समक्ष पुग्न सकेका छैनन् ।

**काठमाण्डौंका गृहश्रमिकको सवाल सम्वोधन गर्न सक्षम नेपाल सरकारका केही निकाय तथा संयन्त्रहरू**

- **काठमाडौं महानगरपालिका, ललितपुर उप–महानगरपालिका, भक्तपुर नगरपालिका लगायतका नगरपालिकाहरू तीनका वडा कार्यालयहरू तथा गाउ विकास समिति एवं जिल्ला विकास समिति** : गृहश्रमिकको आवास, खानेपानी, स्वास्थ्य, विद्युत, फोहोर व्यवस्थापन लगायतको सवाल वा समस्यालाई सम्वोधन गर्ने जिम्मेवारी काठमाडौं महानगरपालिका, ललितपुर उप–महानगरपालिका, भक्तपुर नगरपालिका लगायतका नगरपालिका तथा सम्वन्धित वडाहरू तथा गाउँ विकास समिति तथा जिल्ला विकास समिति जस्ता स्थानीय निकायहरूको हुन्छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले खानेपानीको व्यवस्थापनको जिम्मेवारी नगरपालिकालाई नै दिएको छ।

- **नेपाल खानेपानी संस्थान र काठमाडौं उपत्यका खानेपानी लिमिटेड** : नेपाल खानेपानी संस्थान र काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडले गृहश्रमिकको खानेपानी अभावको समस्या समाधान गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। नेपाल खानेपानी वितरण ऐन, २०४५ ले खानेपानी संस्थानलाई यो जिम्मेवारी दिएको छ।

- **नेपाल विद्युत प्राधिकरण** : नेपाल विद्युत प्राधिकरणले विजुलीको अभाव तथा अपर्याप्तता र त्यसवाट समग्र गृहश्रमिकलाई परेको समस्याको विषयलाई सम्बोधन गर्न सक्दछ।

- **श्रम तथा रोजगार मन्त्रालय:** पेशा र कामको असुरक्षा, कम आम्दानी, बजारीकरणको समस्या, विक्रीको लागि बिचौलियामा भर पर्नुपर्ने वाध्यता, उत्पादनको लागि चाहिने कच्चा पदार्थको असहज आपूर्ति, गृहश्रमिकको कानुनी मान्यताको अभाव र श्रमिकको हकबाट बञ्चित, महिला भएकै कारण ज्यालामा भेदभाव, जस्ता समस्याहरूको समाधान श्रम तथा रोजगार मन्त्रालयबाट हुन सक्दछ।

- **व्यवसायिक सीप तथा तालिम विकास केन्द्र:** व्यवसायिक सीप तथा तालिम विकास केन्द्रले गृहश्रमिक मैत्री नीति बनाएर उनीहरूको व्यवसायिक सीप तथा तालिममा योगदान गर्न सक्दछ ।

## सुझावहरू

- **आधारभूत आवश्यकताको सम्वोधनको लागि सुझावहरू**

### ○ खानेपानी तथा सरसफाईको व्यवस्था गर्ने

शहरी खानेपानी तथा सरसफाई नीति, २०६६ को उद्देश्य नं ३ मा महिला, शहरी गरिब तथा सिमान्तीकृत वर्गको अधिकार र आवश्यकतालाई सम्बोधन गर्ने र कानुनीरुपमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गराउने उल्लेख छ । साथै सो नीतिमा शहरी गरिब र कमजोर वर्गको पहिचान गर्ने र सो वर्गलाई ध्यानमा राखी खानेपानीको महसुल निर्धारण गर्ने उल्लेख छ । त्यसको अतिरिक्त सो नीतिले गरिब र सिमान्तकृत वर्गबाट न्युनतम महशुल मात्र लिने र शहरी गरिबसमुदायले प्रयोग गर्ने सामुदायिक धारा जस्ता सेवामा अन्तर अनुदानको व्यवस्था गर्ने समेत उल्लेख गरेको छ । शहरी खानेपानी तथा सरसफाई नीति, २०६६ विश्लेषण गर्दा गृहश्रमिक पनि यो नीतिको लाभान्वित वर्ग भित्र पर्दछन् । सो नीतिलाई आधार मानेर सरकारले गृहश्रमिकको खानेपानी तथा सरसफाई सम्वन्धी समस्या सम्वोधन गर्नुपर्छ ।

### ○ आवास र शहरीकरण सम्बन्धि नीतिहरूको कार्यान्वयन गर्ने

नगर विकास ऐन, २०४५, स्थानीय स्वायत्त शासन ऐन, २०५५, राष्ट्रिय आवास नीति, २०५३ (सन् १९९६), राष्ट्रिय शहरीकरण नीति, २०६४ ( सन् २००७) तथा नगर नियमावलीमा सुकुम्वासी वस्तीको लागि आवासको व्यवस्था गर्ने उल्लेख छ । सो नीतिलाई कार्यान्यनको दिशा तर्फ अघि बढाउने बित्तिकै सुकुम्वासी बस्तीका गृहश्रमिकको आवासको समस्या समाधान हुन्छ ।

○ **सबैको लागि शिक्षा कार्यक्रममा समावेश गर्ने**

नेपाल सरकारले सन २०१५ भित्र सबैको लागि शिक्षाको लक्ष्य लिएको छ । ठूलो संख्यामा रहेका गृहश्रमिक समुदायका बालबालिकालाई विद्यालय भर्ना गर्न सकिए मात्र सबैको लागि शिक्षाको उद्देश्य हासिल हुन सक्छ । विशेष गरि सुकुम्वासी बस्तीका बालबालिकालाई नजिकै विद्यालय नभएका कारण भर्ना हुन समस्या छ भने भर्ना भएका विद्यार्थीलाई विद्यालयमा टिकाईराख्न पनि चुनौती छ । त्यसैले सरकारले गृहश्रमिक, विशेष गरि सुकुम्वासी वस्तीका सवै बालबालिका विद्यालय भर्ना हुने र विद्यालयमा टिकाईराख्ने वातावरण बनाउनु आवश्यक छ ।

○ **सामाजिक सुरक्षा नीति कार्यान्वयन गर्ने**

नेपालको अन्तरिम संविधान, २०६३ र तीनबर्षे अन्तरिम योजना २०६७/६८ – २०६९/७० मा रहेको सुरक्षाको प्रावधानलाई लागु गर्नु पर्छ । सो कुराको सुनिश्चितताको लागि  राज्य वा सरकारी निकायको दायित्वको स्पष्टता गर्दै कार्यान्यन गर्नु पर्छ ।

○ **शहरी योजना निर्माण प्रक्रिया गृहश्रमिक मैत्री वनाउने**

शहरी गरिवको लागि वनेका कार्यक्रमहरू पनि गृहश्रमिक समक्ष प्रभावकारी ढंगले पुग्न सकिरहेका छैनन् । शहरी योजना अधिकृतहरू र शहरी गरिव बीचको दुरी ठूलो छ । शहरी योजनामा गृहश्रमिकको सहभागिता उल्लेख्य बन्न सकेको छैन । त्यसैले शहरी योजना निर्माण प्रक्रिया गृहश्रमिक मैत्री बनाईनु जरुरी छ ।

- **गृहश्रमिकका पेशागत सवाललाई सम्वोधन गर्नको लागि केही सुझावहरू :**

○ **कामको अनियमितता र श्रमको शोषणलाई सम्वोधन गर्ने नीति एवं निर्देशिका वनाउने**

एकातिर गृहश्रमिकको काम र कमाईको टुंगो हुदैन भने अर्कोतिर उनीहरूलाई श्रमको उचित ज्याला पनि दिइएको पाँइदैन । सामान बिक्रीको लागि स्वरोजगार गृहश्रमिकहरू विचौलियाको भर पर्छन् । विचौलियाले बजारीकरणमा सहयोग गरेपनि उनीहरूले गृहश्रमिकलाई दिने वस्तुको मुल्य न्युन हुन्छ । त्यसैले सो समस्याको समाधानको लागि नेपाल सरकारले गृहश्रमिकको संरक्षणको सुनिष्चितता गर्ने र यस्ता खालका शोषणको अन्त्य गर्ने खालको नीति तथा निर्देशिका ल्याउनु जरुरी छ ।

○ **पहिचानको लागि पैरवी गर्ने**

गृहश्रमिकलाई सरकारले पहिचान दिएको छैन । गोटा गन्ती दर (Piece Rate) मा घरमै बसेर काम गर्ने श्रमिकलाई कानूनी मान्यता दिए पनि घरमा बसी काम गर्ने स्वरोजगार गृहश्रमिकलाई सरकारले श्रमिकको दर्जा दिएको छैन । यसवाट राष्ट्रिय आयमा ठूलो हिस्सा ओगटेको गृहश्रमिकहरूको योगदानको कदर हुन सकेको देखिदैन । सो कुराको पहिचान दिलाउनका लागि गैरसरकारी क्षेत्रको तर्फवाट वा श्रम सम्वन्धित संस्थाहरूबाट पैरवी हुनुपर्छ ।

○ **गृहश्रमिका लागि नीति बनाउने**

गृहश्रमिक सम्बन्धमा नीतिको मस्यौदा गरेर श्रम मन्त्रालयले अनुमोदनको लागि पेश गरेको भएता पनि अहिले सम्म सो नीतिमाथि कुनै प्रक्रिया अघि बढ्न सकेको छैन । त्यसैले आवश्यक भए सो मस्यौदामाथि पुनः छलफल गरि सो नीति स्वीकृत गरी लागु हुनु पर्छ । यसको कार्यान्वयन भएमा गृहश्रमिकको समस्या, उनीहरूको सामाजिक सुरक्षा, विभेद, अनियमितता जस्ता सवालहरूको सम्बोधन हुनेछन् ।

○ **सरल व्याजदरमा कर्जा दिने व्यवस्था गर्ने**

गृहश्रमिकलाई आफ्नो उत्पादनको लागि चाहिने कच्चा पदार्थ तथा सो को निर्माणको लागि चाहिने उपकरण किन्नको लागि आर्थिक समस्या देखिन्छ। पुँजीको अभावका कारण उनीहरू आफ्नो पेशामा लगानी गर्न सक्दैनन् र फलस्वरुप प्रतिफल पनि न्युन हुन्छ। त्यसैले गृहश्रमिक लगायत शहरी गरिबको लागि सरकारले सजिलै र न्युन व्याजदरमा कर्जा प्रवाह गर्ने व्यवस्था गर्नुपर्छ। नेपाल सरकारले विपन्न वर्गलाई दिइने कर्जा अन्तर्गत उनीहरूलाई सो सेवा दिईनु एउटा राम्रो विकल्प हुन सक्छ।

○ **राष्ट्रिय र स्थानीय स्तरका निकायको योजनामा मूल प्रवाहिकरण गर्ने**

गृहश्रमिकका विशेष सवाललाई पहिचान गरि त्यसलाई राष्ट्रिय र स्थानीय तहका नीति निर्माण तथा योजना प्रक्रियामा मूल प्रवाहिकरण गरिनु जरुरी छ।

○ **सीपमुलक तालिमहरू प्रदान गर्ने**

गृहश्रमिकहरूलाई प्रतिस्पर्धात्मक बजारमा आफ्नो स्थान कायम राख्न सक्ने बनाउनका लागि उनीहरूले  आफ्नो सीपमा अझ निखार ल्याउनु जरुरी हुन्छ। सो को लागि श्रम तथा रोजगार मन्त्रालय, व्यवसायिक सीप तथा तालिम विकास केन्द्र, नेपाल उद्योग वाणिज्य संघ, नगरपालिका तथा गाविस, साना तथा घरेलु उद्योग विकास विभाग लगायतका निकायहरूबाट संचालन हुने आफ्ना निःशुल्क तालिम कार्यक्रममा उनीहरूको लागि निष्चित कोटा छुट्टयाउन पर्दछ।

### ○ गृहश्रमिकको न्युनतम ज्याला कायम गर्ने

गृहश्रमिकले राष्ट्रिय आयमा ठूलो योगदान पुऱ्याएको भएपनि उनीहरूको औसत ज्याला सरकारले तोकेको न्युनतम पारिश्रमिक भन्दा कम छ। जब उनीहरूको उत्पादन अन्तर्राष्ट्रिय वजारमा पुग्दासम्म विक्री मुल्यभन्दा कैयौ गुणा आकासिन्छ भने उनीहरूले स्रोतमै पनि उचित मुल्य पाउनुपर्छ। यो कुराको सुनिष्चितताको लागि सरकारी तथा गैरसरकारी निकायवाट पहल हुनुपर्छ।

### ○ कच्चा पदार्थ र सेवामा पहुंच पुऱ्याउने

कच्चा पदार्थ, बजारीकरणका पुर्वाधार, प्रविधी, तथा ऋण लगायतका आर्थिक स्रोत र बजारीकरणमा गृहश्रमिकको सहज पहुँचको व्यवस्था गरिनुपर्छ।

### ○ अभिलेखीकरण गर्ने

अनौपचारिक क्षेत्रमा काम गरिरहेका कामदार र गृहश्रमिकको विवरण अद्यावधिक गर्ने र सरकारले सो तथ्यांकको विवरण राख्ने काम गरी लक्षित वर्गका लागि कार्यक्रम बनाउन र कार्यान्वयन गर्न सघाउ पुऱ्याउनु पर्छ।

साथी
धोवीघाट, ललितपुर
पोष्ट वक्स: ७७७०
फोन : ९७७ १ ५५३७१०३, ५५३७१०४
वेवसाइट: www.saathi.org.np